# कामना सेवा विकास बैंक लिमिटेड

## चल अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) खरिद गर्ने बारे ।

## गोप्य सिलबन्दी बोलपत्र फारम

बोलपत्र फारम मूल्यः - रु १,०००.०० (अक्षरेपी एक हजार मात्र)
(पछि फिर्ता नहुने गरी)

बोलपत्र फारम यस आवरण पृष्ठ समेत जम्मा ४ पेजको रहेको छ ।

यो बोलपत्र पेश गर्दा प्रत्येक पानामा दस्तखत गर्नु पर्नेछ ।

मिति : २०७८/   /

श्री कामना सेवा विकास बैंक लिमिटेड

केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं

बिषय : गोप्य सिलबन्दी बोलपत्र पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकबाट मिति २०७८/०४/२८ गतेका दिनमा आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित धितो सुरक्षणमा रहेको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्रीको लागि १५(पन्ध्र) दिने लिलाम बिक्रिको सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरे अनुसार तपसिलमा उल्लेखित सम्पत्तिहरु (घर/जग्गा तथा सवारी साधन) रु................................................ अक्षरेपी(............................................................................................................................................ मात्र) मा लिलाम मार्फत खरिद/सकार गरिलिने इच्छा भएकोले उक्त कबोल रकमको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम रु........................................................................ अक्षरेपी (........................................................................ ........................................................................ मात्र) त्यस बैंकमा रहेको टेण्डर मार्जिन (अक्सन) को खाता मा धरौटी वापत नगदै/.....................................................................को Good for Payment Cheque जम्मा गरी सो को भौचरको सक्कल प्रति एवं नागरिकता प्रमाण-पत्रको प्रतिलिपी/ ....................................................................समेत यसै बोलपत्र साथ संलग्न गरी यो गोप्य सिलबन्दी बोलपत्र पेश गरेको छु । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी शर्त बन्देजहरु एवं प्रचलित ऐन कानून तथा त्यस बैंकको सम्पूर्ण नियमहरु पालना गर्न म पूर्ण रुपमा मञ्जूरी व्यक्त गर्दछु ।

**तपसिल**

**१. लिलाम बढाबढ मार्फत खरिद गरिलिन चाहेको सम्पत्ति (जग्गा) हरु को विवरण :**

(क) मालपोत कार्यालय .......................................................................................................... मा देहाय बमोजिमका व्यक्तिहरुको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि/व.मि/रो) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) मालपोत कार्यालय .......................................................................................................... मा देहाय बमोजिमका व्यक्तिहरुको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि/व.मि/रो) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**२. लिलाम बढाबढ मार्फत खरिद गरिलिन चाहेको सम्पत्ति (सवारी साधन) हरु को विवरण :**

(क) यातायात व्यवस्था कार्यालय.............................................................................मा दर्ता रहेको
दर्ता नं. ................................................... च्यासिस नं. ...............................................................
इन्जिन नं...................................................... कम्पनी/मोडल........................................................

बोलपत्र पेश गर्नेको :

दस्तखत :......................

व्यक्ति/फर्म/कम्पनीको नाम :

ठेगाना :

प्रोप्राईटर/अख्यािरप्राप्त व्यक्ति :

नागरिकता प्रमाण पत्र नं./दर्ता नं. :

नागरिकता जारी गर्ने कार्यालय/दर्ता कार्यालय :

नागरिकता जारी भएको मिति/दर्ता मिति :

फोन/मोवाइल नं :

संलग्न कागजातहरु : नागरिकता प्रमाण पत्र तथा फर्म दर्ता सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपी ।
धरौटी रकम जम्मा गरेको भौचरको सक्कल प्रति ।

नोट : खरिद गर्न चाहेको सम्पत्तिको विवरण उल्लेखित स्थानमा नअटाएमा छुट्टै पृष्ठमा उल्लेख गरि बोलपत्रसाथ संलग्न गरि पेश गर्न सकिनेछ ।

गोप्य शिलवन्दी बोलपत्रदाताले पालन गर्नु पर्ने नियम एवं शर्त सुविधाहरु

१. बिक्री गरिने सम्पत्तिहरु (घर/जग्गा तथा सवारी साधन) जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा स्वीकार गर्ने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फाराममा आफुले लिन चाहेको सम्पत्तिहरु (घर/जग्गा तथा सवारी साधन) को आवश्यक विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । दरभाउ अंक र अक्षरमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा अनिवार्य दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भै कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

३. बोलपत्र पेश गर्दा सबै सम्पत्तिहरु (घर/जग्गा तथा सवारी साधन) वा कुनै घर/जग्गा तथा सवारी साधन अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।

४. बोलपत्रदाताले आफूले कबुल गरेको रकमको कम्तिमा १०% ले हुने रकम धरौटी वापत यस बैंकको खाता नं.९९९-९२६६०११०००००२ मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गर्नु पर्नेछ ।

५. बोलपत्र मिति २०७८/०५/१० गते अपरान्ह ५:३० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, दर्ता गरि सक्नु पर्नेछ ।

६. प्राप्त बोलपत्रहरु मिति २०७८/०५/११ गते यस बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा, अपरान्ह ३:०० बजे खोलिनेछ । विभिन्न सरकारी कार्यालयहरुका प्रतिनिधि तथा बोलपत्रदाता/सम्बन्धित सम्पत्ति धनी वा निजहरुको प्रतिनिधिलाई उपस्थितिको लागि पत्रचार तथा जानकारी गराईएको हुंदा निजहरुको उपस्थितिमा बोलपत्र खोलिनेछ तर बोलपत्रदाता/सम्बन्धित सम्पत्ति धनी वा निजहरुका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परी कार्यालय बन्द रहेमा लगत्तै कार्यालय खुलेको दिन, दिनको ३:०० बजे बोलपत्र खोलिनेछ ।

८. बोलपत्र फारम बुझाउँदा यो बोलपत्र फारमको हरेक पृष्ठमा दस्तखत गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ ।

९. रित नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिने नदिने अधिकार बैंकको हुनेछ ।

१०. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्र दातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाएपछि बैंकले तोकिएको मिति भित्र कबोल रकममा धरौटी रकम घटाइ बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्त अनुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बांकी रकम नबुझाएमा बोलपत्र रद्द गरी धरौटी रकम जफत गरिनेछ ।

११. बिक्री हुने सम्पत्तिहरु (घर/जग्गा तथा सवारी साधन) सम्बन्धमा बुझ्नु परेमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं अथवा शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२. स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारको नियम तथा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण सरकारी दस्तुर राजश्व लगायत तिर्नु पर्ने अन्य सम्पूर्ण दै-दस्तुर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१३. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था, भएमा दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता तथा संस्थागत प्रतिनिधित्वका लागि सञ्चालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजातहरु पेश गर्नुपर्नेछ ।

१४. बोलपत्र पेश गर्दा खाम सिलबन्दी गरी बाहिर आफूले लिन चाहेको सम्बन्धित चल/अचल सम्पत्ति खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र भनि उल्लेख गर्नुपर्नेछ ।

१५. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।

१६. अस्वीकृत भएका बोलपत्रदाताहरुले जम्मा गरेको धरौटी रकम यस बैंकको मेनेजर्स चेक (एकाउन्ट पेयी) मार्फत फिर्ता गरिने छ ।

१७. बिक्री गर्ने भनिएका सम्पत्तिहरु एकमुष्ट रुपमा एकै बोलपत्रदातालाई वा अलग–अलग रुपमा अलग–अलग बोलपत्रदाताहरुलाई बिक्री गर्न सकिने छ ।

१८. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा बिक्री गर्ने भनिएको सम्पत्तिहरु मध्ये कुनै एक सम्पत्तिको लागि मात्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ ।

१९. बोलपत्र स्वीकृत भएको सूचना पाएको पत्रमा दिएको समयसीमा भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।